» इन्टरनेट पहूच भएको स्थानमा डाउनलोड गर्न सकिने गरी बेबमा आधारित अनलाईन सिकाई व्यवस्थापन प्रणाली (MOODLE) मार्फत प्रत्येक विषयको उद्देश्य, सिकाई उपलब्धिहरु तथा सिकाईका कार्यहरु उल्लेखित पाठ्यक्रम, पाठ्यवस्तु ,पठन स्रोत तथा सामग्रीहरु, अनलाईन मेन्टर मार्फत टिप्पणी र पृष्ठपोषण उपलब्ध हुने गरी गृहकार्य, परीयोजना कार्य, समूह कार्य, प्रतक्ष्य तथा अप्रतक्ष्य अन्तर्क्रिया, सहभागिता र साझेदारीता गर्न सकिने गरी विद्युतीय सिकाई वातावरणको व्यवस्था र विद्यार्थी केन्द्रित सिकाइ प्रणाली मार्फत सिकाई व्यवस्थापन गरिएको छ ।

» प्रत्येक विषयको हप्तामा १ दिन बेलुका ६.३० बाट ३ घण्टाको अनलाइन शिक्षण, प्रशिक्षण, विद्यार्थी सहयोग तथा परामर्श कक्षा संचालन गरिएको छ । प्रत्येक कक्षामा सँलग्न हुन नसकेका विद्यार्थीहरुका लागि डिजिटल अभिलेखमा सँरक्षित प्रत्यक्षकक्षामा भएका कार्यहरु विद्यार्थीले सिकाई प्रणाली मार्फत प्राप्त गर्न सक्नेछन् ।

» प्रत्येक शिक्षक तथा विद्यार्थीहरुले गरेको सिकाई व्यवस्थापन प्रणाली उपयोगको अवस्थाको अभिलेखिकरणको व्यवस्था गरी यसैलाई विद्यार्थीहरुको मूल्याँकनको आधार तथा समग्र सिकाई प्रकृयाको अनुगमन तथा सुझावको आधार पनि वनाईएको छ ।

## ८. मूल्याङ्कन विधि (Evaluation) :

आन्तरिक मूल्याङ्कन (४० प्रतिशत) : आन्तरिक भारको ६० प्रतिशत अँक सम्वन्धित शिक्षकले शिक्षण सिकाईको क्रममा गर्ने मूल्याङ्कनका आधारमा अँक प्रदान गर्नेछ । Mid-term Exam, इकाई परीक्षा, परियोजना कार्य, अनुसन्धान कार्य र तोकिएका विभिन्न कार्यहरुका आधारमा सम्बन्धित विषय शिक्षकले आन्तरिक मूल्याङ्कनको अंक प्रदान गर्ने व्यवस्था रहेको छ । विभिन्न विषयहरुमा गरिने आन्तरिक मूल्याँकनको अंक विभाजन सम्वन्धित पाठ्यक्रममा व्यवस्था भए अनुरुप सम्बन्धित संकाय परीक्षा समितिले गर्नेछ र यसको जानकारी विद्यार्थीहरुलाई हुनेछ । वाह्यमूल्यङ्कन (६० प्रतिशत) : वाह्य परीक्षा तोकिएको परीक्षा केन्द्रमा परिक्षार्थीहरु स्वयम् उपस्थित भई परीक्षा दिनुपर्नेछ जसमा छोटो उत्तर लेख्ने प्रश्न ४० प्रतिशत र लामो उत्तर लेख्ने प्रश्न ६० प्रतिशत हुनेछ । यस अतिरिक्त विषय तथा कार्यक्रमको प्रकृति अनुसार सम्वन्धित पाठ्यक्रमले तोके वमोजिमका प्रयोगात्मक कार्यहरुको मूल्याँकनको अँश पनि वाह्य मूल्याँकनमा पर्ने छ । विश्वविद्यालयले विद्यार्थी मूल्याङ्कना लागि अक्षराङ्कन प्रणाली अबलम्बन गरेको छ । मूल्याँकन सम्वन्धि ब्यवस्थामा आवश्यकता र औचित्य अनुसार निरन्तर परिमार्जन हुन सक्नेछ । खुला विश्वविद्यालयको शैक्षिक कार्यक्रमका सन्दर्भमा मुल रुपमा स्नातकोत्तर तह र अनुसन्धान तहका कार्यक्रमहरुमा केन्द्रमा उपस्थित भई लेखेर दिईने परीक्षा र परियोजना कार्यमा आधारित मूल्याँकनको प्रभावकारिताको अध्ययन भैरहेको छ । यसका आधारमा मूल्याँकन प्रणालीमा केहि हेरफेर हुन सक्नेछ ।

## ९. विद्यार्थी सहयोग (Student Support) :

प्राविधिक सहयोग, परामर्श, सिकाई निर्देशन, कन्फ्रेन्सिङ्ग, व्यक्तिगत अनलाईन सिकाई सहयोग (Individual Online Tutoring & Mentoring) अहिले सञ्चालित छन् र यीनलाई थप प्रभावकारी वनाउने तथा रोजगारीका लागि पनि परामर्श तथा समन्वय सेवा स्थापना गरिनेछ ।

## १०. सिकाइ साधन सुविधा (Learning Facilities) :

इपुस्तकालय, सिकाई ब्यवस्थापन प्रणाली (LMS), प्रत्यक्ष कक्षा प्रसारण, समय अन्तरालमा आवश्यक अभिमुखिकरण र निर्देशन विद्युतिय प्रणालीको सिकाई सामग्री । यी साधन सुविधा विद्यार्थीहरुले आफू वसेको स्थानमा प्राप्त गर्न सक्नेछन् तर इन्टरनेटको सुविधा भने विद्यार्थीसंग उपलब्ध हुनु अनिवार्य छ ।

## ११. छात्रवृत्ति (Scholarship) :

नेपाल खुला विश्वविद्यालय, छात्रवृत्ति बितरण सम्बन्धी निर्देशिका, २०७५ बमोजिम प्रत्येक तह र सेमेष्टरमा कुल विद्यार्थी भर्ना सँख्याको १० प्रतिशत विद्यार्थीलाई जेहेन्दार र गरिब तथा समावेसि छात्रवृत्तिका रुपमा शिक्षण शुल्क छुटको ब्यवस्था गरिएको छ । जस मध्ये तल्ला तहको शैक्षिक योग्यता र प्रवेश परीक्षा/अन्तरवार्तामा प्राप्त गरेको प्राप्ताङ्को योगको आधारमा कुल कोटाको ४०% कोटा जेहेन्दार छात्रवृत्तीको लागि छुट्याईएको छ भने बाँकी ६०% छात्रवृत्ती कोटा गरिब तथा समावेसि समूहलाई छुट्याइएको छ । यस्तो छात्रवृत्ति महिला, आर्थिक रुपमा विपन्न, आदिवासी/जनजाती, मधेसि, दलित, अपाङ्ग र पिछडीएको क्षेत्रका आधारमा तोकिए बमोजिम शैक्षिक योग्यता समेतलाई आधार मानि उपलब्ध गराईन्छ ।

## १२. शुल्क संरचना (Fee Structure) :

नेपाल खुला विश्वविद्यालयले माथिल्ला तहहरुमा लागत आपूरण र तल्लातहहरुमा सहुलियत दरको शिक्षण शुल्क नीति अवलम्बन गरेको छ । विश्वविद्यालयमा विद्यार्थी भर्ना भईसकेपछी विश्वविद्यालयले तोकेको समयमा विश्वविद्यालय नामदर्त्ता शुल्क भुक्तान गरी दर्ता फारम भर्नुपर्नेछ । भर्ना हुँदाका बखत प्रवेश शुल्क, पुस्तकालय शुल्क तथा प्रयोगशाला/स्थलगत अध्ययन/अभ्यास शिक्षण शुल्क सहित ६०% शिक्षण शुल्क बुझाई बाँकी रहेको ४० प्रतिशत शिक्षण शुल्क र परीक्षा शुल्क बापतको रकम परीक्षा फारम भर्ने समयमा दोस्रो किस्तामा बुझाउनु पर्नेछ । दोश्रो, चौथो, छैटौं र आठौं सेमेष्टरमा भर्ना हुँदाका बखत सो सेमेष्टरको कुल शिक्षण शुल्कको ६०% रकम प्रथम किस्ताका रुपमा बुझाउनुपर्ने छ भने बाँकी ४०% शिक्षणशुल्क र परीक्षा आवेदन शुल्क सहित परीक्षा आवेदन फारम भर्ने समयमा दोश्रो किस्ताको रुपमा बुझाउनु पर्नेछ । तेस्रो, पाँचौं र सातौं सेमेष्टरका विद्यार्थीहरुले भर्ना हुँदाको बखत सो सेमेष्टरको कुल शिक्षण शुल्कको ६० % रकम र पुस्तकालय शुल्क वापतको रकम प्रथम किस्ताका रुपमा बुझाउनुपर्नेछ भने बाँकी शिक्षण शुल्क ४०% र परीक्षा शुल्क वापतको रकम दोश्रो किस्ताको रुपमा बुझाउनुपर्ने छ । विश्वविद्यालयमा जम्मा गर्नुपर्ने रकम नेपाल खुला विश्वविद्यालयको नाममा ग्लोबल आईएमई बैंक लि., कीर्तिपुर शाखामा रहेको आम्दानी खाता चल्ती हिसाब नं.०५०१०१०००००५०२ मा जम्मा गरेको हुनुपर्ने छ । विश्वविद्यालयमा हाल सञ्चालन भएका कार्यक्रमहरुको शुल्क संरचना तपशिल बमोजिमको रहेको छ ।

### तपसिल

| | संकाय | तह | विषय | कोर्सको कुल क्रेडिट भार संख्या | भर्ना आवेदन शुल्क | प्रवेश शुल्क | प्रयोगशाला शुल्क/ स्थान अध्ययन/अभ्यास शिक्षण शुल्क प्रति सेमेष्टर | पुस्तकालय शुल्क प्रति बर्ष | नाम दर्ता शुल्क | सत्रान्त परीक्षा शुल्क/ सेमेष्टर | शिक्षण शुल्क कुल/प्रति क्रेडिट | प्रथम सेमेष्टरमाभर्ना हुँदा बुझाउनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सामाजिक शास्त्र तथा शिक्षा | एमफिल | MPhil in Education ( English Education, Nepali Education, Education Studies, Mathematics Education & Health Education ) | ३० | १००० | २००० | | १५०० | ३००० | ३००० | १००८००/ ३३६० | २७,६९२*# |
| २ | सामाजिक शास्त्र तथा शिक्षा | एमफिल | MPhil in Social Science (English, Sociology / Anthropology) 2 Years | ३० | १००० | २००० | | १५०० | ३००० | ३००० | १००८००/ ३३६० | २३,६६०# |
| ३ | सामाजिक शास्त्र तथा शिक्षा | स्नातकोत्तर | Masters Degree in Media and Communication Studies | ६० | १००० | २००० | २५०० | १५०० | २५०० | ३००० | ७२०००/ १२०० | १६,८००# |
| ४ | सामाजिक शास्त्र तथा शिक्षा | पि जि डिप्लोमा | Distance and eLearning | ३० | १००० | १००० | | १००० | २००० | २००० | २०४००/ ६८० | ८,१२०# |
| ५ | सामाजिक शास्त्र तथा शिक्षा | स्नातक | One Year B.Ed. | ३० | १००० | २००० | ५००० | १५०० | २००० | २००० | ३००००/ १००० | १२,५००# |
| ६ | सामाजिक शास्त्र तथा शिक्षा | डिप्लोमा | Diploma in Library and information Management | ३० | ५०० | १००० | | १००० | १००० | १००० | २०४००/ ६८० | ८,१२०# |
| ७ | विज्ञान, स्वास्थ्य तथा प्रविधि | एमफिल | MPhil in ICT | ३९ | १००० | २००० | | १५०० | ३००० | ३००० | १६३८००/ ४२०० | ४१,३००# |
| ८ | विज्ञान, स्वास्थ्य तथा प्रविधि | स्नातकोत्तर | Master in e-Governance | ६३ | १००० | २००० | | १५०० | २५०० | २५०० | १२६०००/ २००० | २१,५००# |
| ९ | विज्ञान, स्वास्थ्य तथा प्रविधि | स्नातकोत्तर | Master in Geo-informatics | ६३ | १००० | २००० | | १५०० | २५०० | २५०० | १८९०००/ ३००० | ३०,५००# |
| १० | विज्ञान, स्वास्थ्य तथा प्रविधि | स्नातकोत्तर | Master Degree in Natural Resource and Development | ६३ | १००० | २००० | २५०० | १५०० | २५०० | ३००० | १५७५००/ २५०० | २८,५००# |
| ११ | विज्ञान, स्वास्थ्य तथा प्रविधि | स्नातकोत्तर | Masters of Science in Environmental and Occupational Health (EOH) | ६३ | १००० | २००० | २५०० | १५०० | २५०० | ३००० | १६३८००/ ४२०० | ४१,३००# |
| १२ | व्यवस्थापन तथा कानून संकाय | स्नातकोत्तर | MBA (Master of Business Administration | ६० | १२०० | २००० | | १५०० | २५०० | - | २४००००**/ ४००० | ४०,७०० |
| १३ | व्यवस्थापन तथा कानून संकाय | स्नातकोत्तर | MSDMG (MS in Development Management and Governance | ६० | १२०० | २००० | | १५०० | २५०० | - | २४००००**/ ४००० | ४०,७०० |
| १४ | व्यवस्थापन तथा कानून संकाय | स्नातक | L.L.B. (Bachelor of Law) | ९० | १००० | २००० | | १५०० | १५०० | ३००० | १०८००० ३ बर्ष | २८,१००** |
| १५ | व्यवस्थापन तथा कानून संकाय | स्नातक | BBS (Bachelor of Business Sciences) | १२० | ३०० | २००० | | १५०० | १५०० | १५०० | १५००० प्रति बर्ष | १२,५०० |

# नामदर्ता र सत्रान्त परीक्षा शुल्क समावेश नभएको ।

* Fundamentals of Education पत्र थप अध्ययन गर्नु पर्नेले कुल शिक्षण शुल्कमा थप रु.१०,०८०|- र भर्ना हुदाका बखत थप रु.६,०४८|- बुझाउनु पर्नेछ ।

** सत्रान्त परीक्षा शुल्क समेत समावेश गरिएको ।

• अभ्यास शिक्षण शुल्क/प्रयोगशाला शुल्क/स्थान अवलोकन शुल्क जुन सेमेष्टरमा सो कार्य गर्नुपर्ने हुन्छ सोही सेमेष्टरमा भुक्तान गर्नुपर्ने हुन्छ ।



# नेपाल खुला विश्वविद्यालय

मानभवन, ललितपुर, नेपाल

नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# कार्यक्रम परिचय

## २०७५/०७६





# नेपाल खुला विश्वविद्यालय

## १.परिचय (Introduction):

नेपालमा उच्च शिक्षा  प्रदायक संस्थाको रुपमा खुला विश्वविद्यालय स्थापना गरी उच्चशिक्षाको पहुँच उपलब्ध गराउने योजना छैटौं योजनाकालदेखि नै परिकल्पना गरिए तापनि व्यवस्थापिका संसदबाट नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ पारीत भए पछि मात्र नेपाल खुला विश्वविद्यालय स्थापना भएको हो । खुला शिक्षा प्रणालीका नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्चशिक्षामा सर्वसाधारणको सहज पहुच पुऱ्याई ज्ञान, सीप, प्रविधियुत्त जनशक्ति उत्पादन गर्नका लागि सरकारी स्तरमा नेपाल खुला विश्वविद्यालय स्थापना भएको हो । वि.सं २०७४ जेष्ठ ३० गते देखि यो विश्वविद्यालय संचालनमा छ । विश्वविद्यालयले प्राज्ञिक, अनुसन्धानमूलक तथा पेशागत विकास सम्बन्धी २२ वटा विभिन्न तह र विषयका शैक्षिक कार्यक्रमहरु संचालन गरिरहेको छ। सूचना संचार प्रविधिको शिक्षा क्षेत्रमा भएको अन्वेषणवाट विकसित प्रविधिको अधिकतम उपयोग र समावेशी शिक्षा मार्फत ज्ञानमा आधारित समाज निर्माणका लागि निरन्तर प्रयत्न गर्नु विश्वविद्यालयको मुख्य लक्ष्य हो । विश्वविद्यालयले प्राज्ञिक उत्कृष्ठता र समावेशी नीति अनुसार दुबै किसिमका विद्यार्थीहरुका लागि प्रतिस्पर्धात्मक छनौट प्रकृयावाट छात्रवृत्तिको ब्यवस्था गरी समावेशिता र प्राज्ञिक उत्कृष्ठता दुवैलाई उचित संयोजन गरिरहेको छ। विश्वविद्यालयले शैक्षिक कार्यक्रमहरुमा गुणस्तरीय शिक्षण, खोज, अनुसन्धान र समालोचनात्मक चिन्तन पद्धतिको प्रयोग सहित उत्पादित जनशक्तिमा प्राज्ञिक तथा पेशागत दक्षताको सुनिश्चित गर्ने रणनीति लिएको छ र सोहि अनुसार शैक्षिक कार्यक्रमहरुको संरचना गरिएको छ। नेपालमा खुला तथा दूर सिकाईको माध्ययमवाट उच्चशिक्षा प्रदान गर्ने पहिलो सार्वजनिक विश्वविद्यालय भएकोले नेपालमा खुला तथा दूर शिक्षा प्रणालीका मानक स्थापना गर्ने, विज्ञहरु उत्पादन गर्ने तथा पूर्वाधारको विकास गर्दै राष्ट्रिय स्रोत केन्द्रका रुपमा स्थापित हुने लक्ष्यका साथ कार्य भईरहेका छन्। विश्वविद्यालयले अन्तर्राष्ट्रिय शैक्षिक, अनुसन्धानम तथा अन्वेषण संस्थाहरुसँग सहकार्य गरी केहि शिक्षा विकासका परियोजनाहरु पनि सञ्चालनमा आई सकेको छ । यसै वर्ष देखि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रसंगको सहकार्यमा विश्वविद्यालयले एक वर्षे शिक्षक शिक्षा कार्यक्रम सञ्चालनमा ल्याएको छ साथै अन्य स्वदेशी तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सहकार्यमा विभिन्न अनुसन्धान, कार्यशाला, सेमिनार जस्ता कार्यहरु पनि सञ्चालित छन् ।

विश्वविद्यालयलको केन्द्रमा केन्द्रीय तहका प्राज्ञिक तथा प्रशासनिक कार्यालयहरु र प्रदेश स्तरमा अध्ययन केन्द्रहरु छन् । विश्वविद्यालयले अनलाईन र प्रत्यक्ष कक्षाको मिश्रित प्रणालीवाट सिकाई सहजिकरण गर्ने हुंदा केन्द्रमा रहेका प्राध्यापकहरुवाट शिक्षण सिकाई कार्य सञ्चालित छन् । प्रदेशहरुमा रहेका प्रादेशिक अध्ययन केन्द्रहरु मार्फत प्रत्यक्ष कक्षाहरु, सेमिनार, परीक्षा लगायतका कार्यहरु सञ्चालित छन् । सबै केन्द्रहरु वीच समर्पित आपसी सम्पर्क सन्जाल निर्माण गरी दुईतर्फी भिडियो कन्फ्रेन्सिङ मार्फत अन्तर्क्रियात्मक विद्युतीकृत विषयवस्तुहरु लेनदेन सम्भव बनाईएको छ र यसलाई अझै सुदृढ बनाईदै छ। विश्वविद्यालयको आफ्नै सर्भर र डाटा भण्डारण केन्द्र निर्माण भैसकेको छ  । हालका लागि Moodle लाई विश्वविद्यालयको आधिकारिक सिकाई व्यवस्थापन प्रणालीको रुपमा लिईएकोछ र यस मार्फत सिकाई सामाग्री प्रशारण, online mentoring / tutoring बाट विद्यार्थी सहयोग तथा परामर्श, विद्यार्थी र शिक्षक बिच अन्तर्क्रिया हुन्छन् । विश्वविद्यालयले मिश्रित सिकाइ (Blended Learning) को ढाँचामा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न अन्तर्क्रियात्मक बहुसंचार र अनलाईन सिकाईमा जोड दिएको छ।

पेशागत संलग्नता, आर्थिक विपन्नता, भौगोलिक विकटता, पारिवारिक संलग्नता तथा अन्य कारणले परम्परागत उच्च शिक्षा प्रणालीमा नसमेटिएका र अध्ययनलाई बिचमै छाडी रोजगारका लागि विदेशिन बाध्य यूवा तथा शिक्षाको अवसरबाट बञ्चित अथवा शिक्षा आर्जनका नयाँ उपायको आवश्यकता बोकेका जनसमुदाय विश्वविद्यालयको लक्षित समूह हुन। यी समूहलाई आफ्नै अनुकुलको समय, स्थान, क्षमता र गतिमा प्राकृतिक रुपमा र प्रविधिको सँयोजनमा स्वअध्ययन र स्वअभ्यासबाट सिक्ने परिवेशको सिर्जना विश्वविद्यालयले गरेको छ । मुलत विश्वविद्यालयको सेवाग्राही समूह परम्परागत विश्वविद्यालयमा अवसर प्राप्त गर्न नसकेका र विशेषत सीमान्तीकृत समूह हुन् र यी समूहलाई उच्चशिक्षा प्राप्त गर्ने अवसर विश्वविद्यालयले सीमित रुपमा भएपनि प्रदान गरिरहेको छ। स्रोतसाधनको सिमितताका कारण विश्वविद्यालयले ठूलो संख्यामा विद्यार्थीहरु अध्यापन गराउन सकेको छैन । सवैका लागि पहुँच दिन शैक्षिक कार्यक्रमको विविधिकरण अर्को मुख्य पाटो हो । यसर्थ विश्वविद्यालयले साधारण तथा प्राविधिक व्यवसायिक दुवै किसिमका शैक्षिक कार्यक्रमहरुको शुरुवात गरेको छ र यसलाई अरु विस्तार गर्दै लैजाने रणनीति लिएको छ । विश्वविद्यालयले कृषि, उद्योग, व्यापार एवं स्वास्थ्य लगायत अन्य विषय क्षेत्रसंग सम्वन्धित सीपयुक्त, पेशागत र प्राविधिक कार्यक्रमहरु सञ्चालन गरी जीवनपर्यन्त शिक्षाको अवसर उपलव्ध गराउनुका साथै ज्ञानको अद्यावधिकता र पुनर्सीप प्रदान गर्ने कार्यक्रमहरु तयार गरीरहेको छ। विश्वविद्यालयले ज्ञानको साझा र सहज उपभोगका लागि विस्तारै केही कोर्सहरु सवैका लागि खुला गर्ने लक्ष्य राखेको छ र अहिले पनि OERu को सदस्यता लिई यस मार्फत प्रसस्त कोर्सहरु अध्ययन गर्न सकिने ब्यवस्था छ । विद्युतीकृत सांखिकृत (डिजिटाइज्ड) गरेर सहज रुपले संश्लेशित केन्द्रियता मार्फत ज्ञान र सूचनाहरु सहज, असीमित र अविरल प्रवाहित हुने व्यवस्था मिलाउने प्रयासमा विश्वविद्यालय छ। विद्यार्थीहरुको सिकाई सहयोगका लागि इपुस्तकालय, प्रत्येक विद्यार्थीका लागि सहयोगी ट्यूटर, विद्युतिय सिकाई ब्यवस्थापन प्रणाली, भिडियो कन्फ्रेन्सिङ्ग, विद्यार्थी सिकाई समूह लगायतका सिकाई ब्यवस्थापनका कार्य विश्वविद्यालयले गरिरहेको छ । नेपालको सन्दर्भमा इपुस्तकालयको अभ्यास नौलो अभ्यास पनि हो र स्रोतसाधनको ब्यवस्था गर्न सकेको खण्डमा विश्वविद्यालयले सवैका लागि इपुस्तकालय उपलब्ध गराउने प्रयास पनि गर्नेछ।

## २. दूरदृष्टि (Vision) :

खुला तथा दूर सिकाईको माध्यमवाट तुलनात्मक रुपले सर्वसुलभ रुपमा गुणस्तरीय उच्चशिक्षा प्रदान गर्ने एक नेतृत्वदायी विश्वविद्यालयको रुपमा नेपाल खुला विश्वविद्यालयलाई विकास गर्ने ।

## ३. मूल लक्ष्य (Mission):

खुला तथा दूर सिकाईका नविनतम र प्रभावकारी आधुनिक प्रविधिको उपयोग गरी वजारको आवश्यकता अनुरुप विभिन्न विधामा योग्य, दक्ष, सहअस्तित्व र राष्ट्रप्रेमको भावना र चेतना भएका, कार्यशैलिमा ती गुणहरुको निरन्तर प्रतिविम्वन गरी समाज विकासमा सदा सहयोगी सकारात्मक चिन्तन सहित कार्य गर्ने नागरिक उत्पादनमा सहयोग पुग्ने गरी उच्चशिक्षाको अवसर र पहुँच सबै क्षेत्र,तह र वर्गका जनतामा पुऱ्याउने ।

## ४. उद्देश्यहरू (Objectives):

१. परम्परागत उच्चशिक्षा प्रणालीमा समाहित भई उच्च शिक्षा अध्ययन गर्ने अवसरबाट वञ्चित समूहलाई उच्च शक्षा अध्ययनको अवसर उनीहरुको पाएक पर्ने स्थान, समय र सिकाइको गतिमा उपलब्ध गराउने,

२. विभिन्न विधामा ज्ञान, सीप र दक्षताले परिपक्क, दिगो विकासका लगि तयार, सचेत तथा सहअस्तित्वको भावनाले युक्त नागरिकहरुको उत्पादनमा आधुनिक सूचना प्रविधिको प्रयोग गरी विद्यार्थी केन्द्रित तथा अनुसन्धानमा आधारिक शिक्षण सिकाई विधीबाट अध्ययनको अवसर उपलब्ध गराउने,

३. अध्ययन अध्यापनका लागि आवश्यक इ-पुस्तकालय, प्रयोगशाला तथा अध्ययन क्षेत्रहरुको स्थापना गर्ने,

४. उच्च अध्ययनसँग सम्वन्धित राष्ट्रियतथा अन्तराष्ट्रियसँघ/सँस्थाहरुसँग सम्वन्ध विस्तार गरी गुणस्तरीय तथा समय सापेक्ष शिक्षा प्रदान गर्ने,

५. सफल जीवनका लागि सीपयुक्त नागरिक बन्न पाउने मौलिक हकको कार्यान्वयनमा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी राज्यलाई सहयोग गर्ने,

६. राष्ट्रियतथा अन्तराष्ट्रियसंघ/संस्थाहरु, उद्योग, व्यवसाय कारखानाहरु संगको सहकार्यका आधारमा विद्यार्थीहरुका लागि कार्यमूलक र वास्तविक कार्यजीवनको अनुभवमा आधारित ज्ञान तथा सीप सिक्ने अवसर सिर्जना गर्न यी सँस्थाहरुसंग सँस्थागत सम्वन्धको विकास गरी सहकार्यमा काम गर्ने वातावरण श्रृजना गर्ने र

७. खुला शिक्षाको अवधारणा अनुसार उच्च शिक्षामा खुला प्रवेशको रणनीति अख्तियार गर्दै ठूलो समूहलाई उच्चशिक्षाको अवसर प्रदान गर्ने ।

## ५. विश्वविद्यालयमा सञ्चालित कार्यक्रमहरू :

नेपाल खुला विश्वविद्यालयमा तीन वटा संकायहरु क्रमश व्यवस्थापन तथा कानून संकाय, सामाजिक शास्त्र तथा शिक्षा संकाय र विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय अन्तर्गत प्रमाणपत्र, डिप्लोमा, स्नातक, पोस्टग्रेजुयट डिप्लोमा, स्नातकोत्तर, एमफिल तहका विभिन्न शैक्षिक, प्राज्ञिक, अनुसन्धानमुलक र पेशागत विकास सम्बन्धी कार्यक्रमहरु संचालन भईरहेका छन् । विश्वविद्यालयले बर्षे सत्र र हिउँदे सत्र गरी बर्षमा २ पटक विद्यार्थी भर्ना गरिरहेको छ। सवै संकायहरुमा कूल १२०४ विद्यार्थी अध्ययनरत छन् । विश्वविद्यालयबाट डिप्लोमा तहमा पुस्तकालय र सुचना ब्यवस्थापन बिषयमा तथा पोष्ट ग्रेजुयट तहमा डिस्टेन्स एण्ड ईलर्निङ बिषयमा एक/एक समूह विद्यार्थी उत्तिर्ण भईसकेका छन्। विश्वविद्यालयका विभिन्न संकाय अन्तर्गत सञ्चालित कार्यक्रमको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | संकाय | संचालित कार्यक्रमहरु | क्रेडिट | माध्यम | न्यूनतम योग्यता | कोर्स अवधि |
|---|---|---|---|---|---|---|
| १ | सामाजिकशास्त्र तथा शिक्षा | MPhil in Education ( Nepali Education, English Education, Education Studies, Mathematics Education, Health Education) | ३० | अंग्रेजी /नेपाली | Master of Education or Master Equivalent with minimum Second Div. or CGPA 2.7 in Scale of 4 (Students with non-education background have to take of a 3 Credits of additional course | १.५ बर्ष (३ सेमेष्टर) |
| | | MPhil in Social Sciences (Economics, Political Science & Sociology) | ३० | अंग्रेजी | Master in related subject or Equivalent with minimum Second Div. or CGPA 2.7 in Scale of 4 | १.५ बर्ष (३ सेमेष्टर) |
| | | MPhil in Social Sciences (English and Sociology/Anthropology) | ३० | अंग्रेजी | Master in related subject or Equivalent with minimum Second Div. or CGPA 2.7 in Scale of 4 | २ बर्ष (४ सेमेष्टर) |
| | | Masters Degree in Media and Communication Studies | ६० | अंग्रेजी | Bachelor's degree in any Discipline with minimum Second Div. or CGPA 2.7 in Scale of 4 | २ बर्ष (४ सेमेष्टर) |
| | | PG Diploma in Distance & e-Learning | ३० | अंग्रेजी | Master in any discipline | १ बर्ष (२ सेमेष्टर) |
| | | One Year B.Ed. | ३० | अंग्रेजी | Bachelor's degree in Related Courses | १ बर्ष (२ सेमेष्टर) |
| | | Diploma in Library and Information Management | ३० | अंग्रेजी | Grade XII or Equivalent | १ बर्ष (२ सेमेष्टर) |
| २ | विज्ञान, स्वास्थ्य तथा प्रविधि | MPhil in ICT | ३९ | अंग्रेजी | Master in Information Technology (IT) or Information and communication technology (ICT or Computer Application or equivalent with Minimum Second Davison or 2.7 CGPA in scale of 4 | १.५ बर्ष (३ सेमेष्टर) |
| | | Master in e-Governance | ६३ | अंग्रेजी | Bachelor's degree in IT or Equivalent Bachelor Degree in any discipline with 2 years working experience on e-governance or IT or corporate governance | २ बर्ष (४ सेमेष्टर) |
| | | Master in Geo-informatics | ६३ | अंग्रेजी | Bachelor's degree in any discipline with minimum 2nd Division or 2.4 CGPA | २ बर्ष (४ सेमेष्टर) |
| | | Master Degree in Natural Resource and Development | ६३ | अंग्रेजी | 3 Years Bachelor Degree in Natural Science / Engineering or Bachelor Degree in any discipline with 1 year diploma on natural resource and development or Bachelor Degree in any discipline with 5 years working experience in related field with ;minimum 2nd Division or 2.4 CGPA in scale of 4 | २ बर्ष (४ सेमेष्टर) |
| | | Masters of Science in Environmental and Occupational Health (EOH) | ६३ | अंग्रेजी | 3 Years Bachelor Degree in Natural Science /Engineering/Health Science /Medicine/ Nursing/3 Years Bachelor Degree in any discipline with 5 years working experience in environmental Health or Occupational Health ;minimum 2nd Division or 2.4 CGPA in scale of 4 | २ बर्ष (४ सेमेष्टर) |
| ३ | व्यवस्थापन तथा कानून | Master of Business Administration (MBA) with PGD | ६० | अंग्रेजी | 3 Years Bachelor Degree in any discipline or Equivalent with minimum 2nd Division or 2.7 in scale of 4 | २ बर्ष (४ सेमेष्टर) |
| | | Master of Science in Development Management & Governance (MSDMG) with PGD | ६० | अंग्रेजी | 3 Years Bachelor Degree in any discipline or Equivalent | २ बर्ष (४ सेमेष्टर) |
| | | Bachelor of Laws (LL.B) | ४५ | अंग्रेजी /नेपाली | 3 Years Bachelor Degree in any discipline | ३ बर्ष + १ बर्ष |
| | | Bachelor of Business Science (BBS) | ९० + ३० | अंग्रेजी /नेपाली | Grade XII or Equivalent | ३ बर्ष |

विश्वविद्यालयले विभिन्न संकाय अन्तर्गत पेशागत डिप्लोमा, स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारीधि तहका कार्यक्रमहरु विकास गरिरहेको छ । व्यवस्थापन तथा कानून संकाय अन्तर्गत Course Based Ph.D, MPhil Leading to PHD, MPhil लगायतका कोर्सको तयारी अन्तिम चरणमा पुगेकोले आगामी शैक्षिक सत्रवाट सञ्चालनमा ल्याइनेछ र अन्य विषयहरुको तयारीका क्रममा भएकाले केहि नयाँ कार्यक्रमहरु आगामी शैक्षिक सत्रमा सञ्चालनमा आउनेछन ।

## ६. कोर्स प्याकेज (Course Package) :

विद्यार्थीहरुका लागि कोर्ष पूरा गर्न लचकता प्रदान गर्ने गरी कोर्सहरुलाई दुई किसिमले दर्ता गर्ने अवसरको ब्यवस्था विश्वविद्यालयले नीतिगत रुपमा गरेको छ। यसै अनुसार विद्यार्थीहरुलाई स्वतन्त्र रुपमा कोर्ष दर्ता गरी अध्ययन गर्ने वा सम्वन्धित डीन कार्यालयले विद्यार्थीको अध्ययनलाई सहजता प्रदान गर्ने गरी समयलाई विस्तार गरी कार्यक्रमहरु तयार गर्न सक्नेछन्। यसो गर्दा कुनै तहपार गर्नका लागि तोकिएको अवधि भन्दा वढी गर्न पाईने छैन र कम्तिमा ३ क्रेडिटका २ वटा कोर्सहरु प्रत्येक सेमेष्टरमा दर्ता गर्नुपर्नेछ ।

## ७. शिक्षण तरिका (Mode of Delivery) :

विश्वविद्यालयले आफ्नै डाटा सेन्टरको स्थापना गरी सवै विद्युतिय तथ्याँकहरुको भण्डार आफ्ने सेन्टरमा गरेको छ र ब्याकअपका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रको विद्युतीय तथ्याङ्क भण्डारणको उपयोग गरेको छ। Microsoft company संगको सहकार्यमा TEAMS को उपयोग गरी इन्टरनेट मार्फत भिडियो कन्फरेन्सिङ्ग प्रणालीमा आधारित अनलाईन कक्षा निरन्तर सञ्चालनमा छन्।विश्वविद्यालयले नेपाल टेलीकम लगायतका ईन्टरनेट सेवा प्रदायक संस्थाहरुसंगको सहकार्यमा विश्वविद्यालयलका शिक्षक तथा विद्यार्थीहरु बीच हुने अनलाईन शिक्षण तथा प्रशिक्षण, विद्यार्थी सहयोग तथा परामर्शका लागि प्रयोग गर्ने ईन्टरनेट सेवा सहुलियत दरमा उपलब्ध गराउने प्रयास पनि गरिरहेको छ। दुई वर्षको सञ्चालन अनुभवले प्रत्यक्ष सम्वादमा आधारित शिक्षण सिकाईको आवश्यकता शिक्षक विद्यार्थीविचको मानविय भावनात्मक सम्वन्ध विकास तथा सिकाईको प्रभावकारिताका लागि महत्वपूर्ण देखियो। साथै विशेष किसिमको सिकाई सक्षमताका लागि प्रत्यक्ष कक्षा अनिवार्य नै हुन्छ। यसको ब्यवस्थापन मूलत यी तरिकावाट गरिएको छ ।

» विश्वविद्यालयमा भर्ना भए पछि काठमाण्डौमा प्रविधि र कोर्स अभिमुखिकरणका लागि ३ दिने आमनेसामने प्रत्यक्ष सम्वादमा आधारित सम्पर्क कक्षा संचालन,

» एक सेमेष्टरमा थप २ पटक कार्यक्रमक र विषयको प्रकृती अनुसार १–३ दिनका कोर्स परामर्श तथा परीक्षा अभिमुखिकरण प्रत्यक्ष सम्वादमा आधारित आमनेसामने सम्पर्क कक्षा संचालन तथा विद्यार्थीहरुको परियोजना तथा अन्य कार्यहरुको प्रस्तुतीकरण,

» प्रयोगात्मक विषयहरुका लागि प्रयोगशालामा आधारित कक्षा

सिकाई व्यवस्थापन प्रणालीमा आधारित र भिडियो कन्फरेन्सिङ्ग प्रणालीमा आधारित सिकाई कार्यको ब्यवस्थापन मूलत तल उल्लेखित तरिकावाट उपलब्ध गराईएको छ ।